म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०९ शुक्रबार १६ मंसिर २०७९ ने. सं. ११४३ थिंलाथ्व 2 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रग्बी खेलाडी र प्रशिक्षकलाई भत्ता दिइने

हेटौंडा, १५ मंसिर/मकवानपुरमा रहेको रग्बी खेलाडी र प्रशिक्षकलाई नेपाल खेलकुद विज्ञान प्रतिष्ठानले भत्ता दिने भएको छ । बुधबार हेटौंडास्थित मकवानपुर रग्बी संघले आयोजना गरेको स्वागत कार्यक्रममा नेपाल खेलकुद विज्ञान प्रतिष्ठानका उपप्रमुख तुलसी महर्जनले मकवानपुरको रग्बी खेलाडी र प्रशिक्षकलाई भत्ता दिने घोषणा गरेका हुन् । उनले हाल मकवानपुर रग्बी संघमा रहेको १० जना खेलाडी र २ जना प्रशिक्षकलाई दैनिक १ सय रुपैयाँका दरले मासिक ३ हजार रुपैयाँ भत्ता दिइने जानकारी दिए । मकवानपुर रग्बी संघका अध्यक्ष लिलाकुमार घलानले अहिले ६० जना खेलाडी बन्द प्रशिक्षणमा रहेको भन्दै केहि दिनको बन्द प्रशिक्षणपछि १२ खेलाडी र २ जना प्रशिक्षकको नामावाली नेपाल खेलकुद विज्ञान प्रतिष्ठान पठाइने बताए । मकवानपुर रग्बी संघका अध्यक्ष लिलाकुमार घलानको सभाध्यक्षता तथा नेपाल खेलकुद विज्ञान प्रतिष्ठानका उपप्रमुख तुलसी महर्जनको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा नेपाल खेलकुद विज्ञान प्रतिष्ठानका सदस्य, मकवानपुर रग्बी संघका खेल प्रशिक्षक, खेलाडीको समेत उपस्थिति रहेको थियो ।

# दोस्रो कार्यकालसम्म पनि बनेन बागमती प्रदेशसभा भवन

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ मंसिर ४ गते देश संघीयतामा गएपछि दोस्रोपटक प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन भएको छ ।

बागमती प्रदेशको दोलखा बाहेक १२ जिल्लाको अन्तिम मत परिणाम आइसकेको छ । ६६ वटा निर्वाचन क्षेत्र रहेको बागमती प्रदेश सभाको आगामी कार्यकालको लागि ६४ निर्वाचन क्षेत्रबाट प्रदेशसभा सदस्यहरु निर्वाचित भइसकेका छन् । प्रदेशसभा निर्वाचनको अन्तिम मतपरिणाम आउन थालेसँगै प्रदेशसभा सचिवालयले प्रदेशसभा सदस्यहरु बस्ने हललाई मिलाउन थालेको छ ।

तत्कालीन शिक्षा निर्देशनालयको भवनमा डोरमणि पौडेलको अध्यक्षतामा २०७४ माघ १८ गते प्रदेशसभाको पहिलो बैठक बसेको थियो । प्रदेशसभाको पहिलो कार्यकालको पाँच वर्षको अवधिमा यही प्रदेशसभाबाट तीनवटा सरकार परिवर्तन भइसकेको छ । तर, प्रदेशसभामा रहेका कुनै पनि दल र कर्मचारीको व्यवस्थित भवन बनाउने कार्य प्राथमिकतामा परेको छैन । प्रदेशसभा बैठकमा बेलाबखत प्रदेशसभा सदस्यहरूले व्यवस्थित सभाहलबारेमा प्रश्न उठाउने गरे पनि सरकार र प्रदेशसभा सचिवालयले प्राथमिकतामा नराख्दा प्रदेशसभा सदस्यहरूको दोस्रो कार्यकाल पनि साँघुरो सभाहलमै सुरु हुने भएको छ ।

बागमती प्रदेशसभाको नयाँ संसद पनि तत्कालीन शिक्षा निर्देशनालयको भवनबाट नै सुरु हुने भएको छ । प्रदेशसभाको दोस्रो कार्यकाल सुरु हुन लाग्दासमेत प्रदेशसभाको आफ्नै भवन निर्माण सम्पन्न नभएपछि नयाँ सदन पनि शिक्षा निर्देशनालयको पुरानै भवनबाट



सुरु हुने भएको हो । तत्कालिन निर्देशनालयको भवन छेउमै प्रदेशसभाको हल निर्माण भइरहेको भएपनि यो कार्यकालको सुरुवात नयाँ भवनबाट नहुने भएको छ । बागमती प्रदेशसभाबाट पाँच वर्षको अवधिमा ३ वटा सरकार बन्यो । तर, कुनै पनि सरकारले प्रदेशसभा भवन बनाउन चासो नदिदा प्रदेशसभाको दोस्रो कार्यकाल पनि पुरानै साँघुरो भवनमा सुरु हुने भएको हो ।

बागमती प्रदेशसभा बैठकमा सहभागी प्रदेशसभा सदस्यहरूलाई बैठक कक्षमा छिर्न र निस्कन समस्या हुने गरेको छ । पछाडी बस्ने प्रदेशसभा सदस्यहरूलाई बैठक नसकी चाहेर पनि निस्कन सक्दैनन् । साँघुरो बाटो हुँदै सभामुखको आसनअघिबाट मात्र हल भित्र बाहिर गर्ने बाटो छ । बैठक हलको बीच-बीचमा रहेको पिलरले दायाँबायाँ राम्ररी हेर्न पनि समस्या हुने गरेको छ ।

मंसिर ४ गते सम्पन्न निर्वाचनबाट बागमती प्रदेशको ६४ प्रदेशसभा सदस्य प्रत्यक्ष निर्वाचित भइसकेका छन् । दोलखामा बिहिबार मतदान भइरहेको भएपनि केहिदिनमा नै मतपरिणाम आइसक्ने जनाइएको छ । समानुपातिकतर्फको सिट बाँडफाँड भएपछि आवश्यक प्रक्रिया पुरा गरेर पुसको पहिलो अप्तासम्म प्रदेशसभा बैठक बस्न सक्नेगरि संसद सचिवालयले तयारी गरिरहेको छ । तर, प्रदेशसभाको नयाँ भवन बन्न अझै अर्को नयाँ वर्षसम्म लाग्ने देखिन्छ ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत शहरी विकास तथा भवन निर्माण कार्यालयमार्फत अर्घाखाँची/सगुन पारामाउन्ट जेभीले निर्माणको काम गरिरहेको छ । २०७९ को वैशाख १ गतेसम्ममा निर्माण सम्पन्न गर्नेगरि ठेक्का सम्झौता भएको प्रदेशसभा सचिवालय परिसरमै निर्माण सुरु भएको ट्रूस्ट सभाहल निर्माण कार्य हालसम्म ८० प्रतिशत मात्रै सम्पन्न भएको छ ।

सम्झौताअनुसार समयमा सभाहल निर्माण नभएपछि २०८० को जेठ ३० गतेसम्मको लागि म्याद थप गरिएको छ । २०७७ साल कात्तिक १९ गते ४ करोड ९४ लाख ९ हजार ९ सय ९ रुपैयाँमा प्रदेशसभा भवन निर्माणको सम्झौता भएको थियो । भवनको बागमती प्रदेशसभाको तत्कालिन सभामुख सानुकुमार श्रेष्ठले ०७७ मंसिर १० गते शिलन्याससमेत गरेका थिए ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत शहरी विकास तथा भवन निर्माण कार्यालयका सुचना अधिकारी टेकनाथ काफ्लेको अनुसार नेपालमा एलसी बन्द हुनु,कोरोना महामारी फैलिनुजस्ता कारण देखाउदै निर्माण कम्पनीले काम ढिनाई गरेको थियो । तर, अबको दुई महिनामा भने प्रदेशसभा भवनको सम्पुर्ण निर्माण कार्य सकेर हष्तान्तरण गर्ने ठेकेदार कम्पनीले बताएको उनको दावी छ । प्रदेशसभाको नयाँ भवन निर्माण कार्य भइसकेको भन्दै उनले अब भवन फिनिसिङको मात्रै काम बाँकी रहेको बताए ।

सभाहलको क्षमता २ सय ५० जनाको रहेको छ । तत्कालीन क्षेत्रीय शिक्षा निर्देशनालयले करिब ६० जना क्षमताको तालिम हल निर्माण गरेको थियो । उक्त हलमा १०९ जना प्रदेशसभा सदस्य, कर्मचारी र दर्शक कक्ष अटाइएको छ । स्थान अभावका कारण प्रदेशसभामा रहेका विभिन्न समितिहरूको बैठक प्रदेशसभा बाहिरसमेत बस्ने गरेको थियो । मंसिर ४ मा सम्पन्न निर्वाचनपछि बागमती प्रदेशसभामा राप्रपाले पनि प्रत्यक्षतर्फ ७ सिट जितेको छ । जसले गर्दा अब राप्रपालाई पनि प्रदेशसभा सचिवालयले संसदीय दलको कार्यालय उपलब्ध गराउनुपर्ने भएको छ ।

निर्वाचनको अन्तिम मतपरिणाम आइरहेसँगै यतिबेला संसद सचिवालयलाई नयाँ दलको लागि संसदीय दल कहाँ राख्ने भन्ने चिन्ता लाग्न थालेको छ । बागमती प्रदेशसभा बैठक राख्ने प्रयोजनका लागि निर्माण गर्न लागिएको सभा हलको काम सुस्त गतिमा अघि बढेपछि मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले ठेक्का दिने र लिने दुवैलाई कारवाहीको चेतावनी समेत दिएका थिए ।

१८ महिनामा निर्माण सम्पन्न गर्ने गरी ठेक्का दिएको भए पनि १५ महिना बित्दासमेत भौतिक प्रगति सुस्त देखिएपछि उनले यस्तो चेतावनी दिएका थिए । तर ,मुख्यमन्त्री पाण्डेले चेतावनी दिएको एक वर्ष भइसक्न लाग्दासमेत प्रदेशसभा भवन निर्माण सम्पन्न नभएको हो ।

## २७ जना डेंगु संक्रमित थपिए

हेटौंडा, १५ मंसिर/ मकवानपुरमा २७ जना डेंगु संक्रमित थपिएका छन् । बिहिबार जिल्लाको विभिन्न स्थानका २७ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । यो सँगै जिल्लामा डेंगु संक्रमितको संख्या ५ हजार ८०३ जना पुगेको छ । स्वास्थ्य कार्यालय मकवानपुरको अनुसार उक्त तथ्याङ्क गत साउन महिनादेखि बिहीबारसम्मको हो । जसमा ३ हजार १७७ जना पुरुष र २ हजार ६२६ जना महिला रहेका छन् । जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकामा रहेका छन् ।

जसअनुसार, हेटौंडा उपमहानगरपालिकामा २ हजार ३८४ जना पुरुष र १ हजार ९४३ जना महिला गरी ४ हजार ३२६ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तै, डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ५३२ जना पुरुष र ४८६ जना महिला गरी १ हजार १८ जना, थाहा नगर पालिकामा १०८ जना पुरुष र ६७ जना महिला गरी १७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४५ जना पुरुष र ३४ जना महिला गरी ७९ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ४ जना महिला गरी ८ जना रहेका छन् । यसैगरी, इन्द्रसरोवर गाउँपालिकाका एक जना पुरुष र २ जना महिला गरी ३ जनाजनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।


सम्पूर्ण ब्राण्डका गाडी

एक्कै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



☞ कार वास भित्र/बाहिर

☞ वाइरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३


# बागमतीमा ७० अंक ल्याए लाइसेन्सको परीक्षामा पास हुने

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ बागमती प्रदेश सरकारले सवारी चालक अनुमति पत्र (लाइसेन्स) को ट्रायल परीक्षामा ७० अंक ल्याए पास हुने व्यवस्था कार्यान्वयनमा ल्याएको छ ।

प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले बुधबार बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण यातायात कार्यालयलाई परिपत्र गर्दै ट्रायलको ७० अंकको व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउन निर्देशन दिएको हो ।

योसँगै आगामी आइतबार (मंसिर १८ गते) संघीय राजधानी समेत रहेको काठमाण्डौंको चावहिल स्थिति यातायात कार्यालयबाट ७० अंकको ट्रायल परीक्षा कार्यान्वयनको उद्घाटन गर्ने तयारी रहेको बागमती प्रदेश यातायात व्यवस्था सेवा कार्यालयका सूचना अधिकारी राजु अर्यालले जानकारी दिए ।

१८ गतदेखि नै ट्रायल परीक्षामा ७० अंकको व्यवस्था कार्यान्वयनमा ल्याइने भएता पनि प्राविधिक तयारीका लागि अन्य यातायात कार्यालयहरू क्रमशः कार्यान्वयनमा जाने अधिकारीले बताए ।

उसो त यसअघि नै यातायात व्यवस्था विभागले सवारी



चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्याविधि निर्देशका, २०७७ को व्यवस्था गर्दै सबै प्रदेशहरूलाई ७० अंकको व्यवस्था कार्यान्वयनमा ल्याउन भने पनि बागमती प्रदेशले भने कार्यान्वयनमा ढिला गरिरहेको थियो । तर, अन्य प्रदेशहरूले भने यसअघि नै ट्रायल परीक्षाको ७० अंकको व्यवस्था कार्यान्वयनमा ल्याइसकेका छन् ।



व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः

९८४५०२७०६४/९८५५०६८०३८





साझाकुरा

## हाम्रो कुरा


# बालविवाहमुक्त बनाउन लागौं

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय: सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालबिवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभइ सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाहमुक्त समाज बनाउन सबै एकजुट भएर लाग्नुको विकल्प छैन ।

# सुकुमबासी: राजनीतिले सिर्जना गरेको कृत्रिम शब्द र समस्या



आर. मानन्धर

नेपाली राजनीतिमा अत्यधिक चल्तीको शब्द हो- सुकुमबासी । तर, धेरै मानिस अचम्ममा पर्छन्, यो शब्दको अर्थ के होला ? आफू नेपाली विषयकै विद्यार्थी भएकोले यसको व्युत्पत्ति अध्ययन गर्ने क्रममा पाएँ कि सुकुमबासी शब्द सिक्किमबासीको अपभ्रंश रहेछ ! गरिबी वा भूमिहीनतासित यसको कुनै सरोकार रहेनछ । यो राजनीतिक कारणले जन्मेको शब्द हो ।

पृथ्वीनारायण शाहले पूर्वमा आक्रमण गर्दा केही किरातीहरु उनीसित मिले, केही मिलेनन् । आफूसित नमिलेका किरातीहरुलाई उनले सिक्किम धपाए । तर रणबहादुर शाहको पालासम्म आउँदा तिनलाई नेपालमै फर्काउनु पर्ने आवश्यकता भयो ।

एक त जनसंख्या नभएपछि राज्यस्व नउठ्ने, राज्य ठूलो भएर पनि राजालाई फाइदा नहुने हुन्छ । विश्वमै जनसंख्या कम रहेको त्यस अवस्थामा राजाहरु आफ्नो राज्यमा अन्यत्रका आवादी आकर्षण गर्न तल्लीन रहन्थे । जमीन धेरै हुन्थ्यो र मान्छे थोरै । खाली जमीनमा मान्छे बसालेर खेतीपाती गराएर मुलुक आवाद गराउन राजाहरुमा प्रतिस्पर्धा हुन्थ्यो ।

मल्लकालमा काठमाडौंका तीन सहर समृद्ध हुनुको पछाडि पनि चारैतिरका सीपयुक्त, व्यापारमा कुशल मानिसहरुलाई बसोबासको लागि आकर्षण गर्न सक्नु हो । नेपालकै पछिल्लो राष्ट्रिय गानमा पनि 'प्रजा फैलियोस्' भन्ने वाक्यांश रहेको छ । त्यसबेला राजाहरुमा धेरैभन्दा धेरै जनताका जनपति हुने आकांक्षा रहेको देखिन्छ । विश्वमा जनसंख्या बढी हुनुको समस्या त पछिल्लो पाँच-सात दशकमा विकास भएको परिस्थिति हो । त्यसपछि मात्र आप्रवासनसित मूलबासीको आपत्ति सुरु भएको हो ।

सिक्किम पसेका किरातीलाई फर्काउनु पर्ने अर्को कारण थियो, तिनले सिमानामा बसेर बेलामौका गोर्खा राज्यलाई दु:ख दिइरहेका थिए । अनि सिक्किमबाट किरातीलाई पुन: नेपालतिर फर्काउन खेतीयोग्य जग्गा वितरणको आकर्षण देखाइएको थियो । ती जग्गा लिएर फर्केकालाई नेपालीले सिक्किमबासी भन्न थाले, जुन कालान्तरमा 'सुकुमबासी'मा परिणत भयो ।

यस शब्दले कुनै नयाँ ठाउँमा जग्गा लिएर बस्ने भन्ने मात्र बुझाउँछ, न कि गरीब वा भूमिहीन । त्यहाँ जग्गा वितरण गर्नुमा राजनीतिक अभीष्ट रहेको थियो, न कि गरीबी निवारण । कुनै बेला केपी ओलीले पनि ठट्यौली पारामा 'सिक्किमबाट आएकाहरुलाई सुकुमबासी भनियो र हाल नेपालमा सुकुमबासी छैनन्' भनेका थिए (जनखबर, २०७३ भदौ १) ।

**सुकुमबासी शब्दको पुनरुत्थान**

सोही शब्द फेरि पञ्चायत कालमा मधेसमा पहाडी समुदायका मानिस बसाउन प्रयुक्त भयो । भन्नको लागि भूमिहीनलाई जमीन दिने भनियो, तर अभीष्ट राजनीतिक नै थियो । अर्थात्, मधेसको जनसांख्यकी स्वरूप बदल्नु । यो राजनीतिक कदम ठीक थियो वा बेठीक थियो, अर्कै बहसको विषय हुन सक्छ । जे भए पनि, यसको अन्तर्य गरीबलाई उकास्नु वा भूमिहीनताको अन्त्य गर्नु थिएन । नभए, मधेसमा अहिलेसम्म पनि भूमिहीन मुसहर लगायतका दलित जनसंख्या र कमैया, हरुवा, चरुवा, हलिया नरहनु पर्ने हो ।

फ्रायडवादी मनोविज्ञानले भन्छ, शब्द छनौटमा पनि अवचेतन मनले भूमिका खेलिरहेको हुन्छ । त्यसैले, भूमिहीनको लागि भन्दै गर्दा राजनीति प्रेरित शब्द छनौट हुन पुग्यो । भूमिहीनको समस्याको मुख्य गाँठो नै शासक वर्गको 'कहीँ पे निगाहेँ, कहीँ पे निशाना' प्रवृत्ति हो । पुनर्वास कम्पनीदेखि भूमि आयोगसम्म आउँदा पनि यही प्रवृत्ति अद्यापि चलिरहेको छ । यो हुँदासम्म सुकुमबासी समस्या कहिल्यै समाप्त हुँदैन, बरु सुकुमबासीको संख्या बढ्दै गर्छ । किनभने, राजनीति गर्नै पनि शासकहरुलाई सुकुमबासी समस्या रहिरहनु आवश्यक छ ।

**सुकुमबासीको नाममा कसले जमीन पाए ?**

पञ्चायत कालमा पुनर्वास कम्पनीबाट सुरु भएको सुकुमबासीलाई जग्गा वितरणको कार्य अहिलेसम्म आउँदा लगभग पचास हजार विघा खेत भूमिहीनलाई बाँडिसकेको बुझिन्छ । तर सुकुमबासीको संख्या झन बढ्ने क्रममा छ । बहुदलपछि त दलहरुले सुकुमबासीको नाममा भातृ संगठनहरु नै खडा गरे । अनि, यो समस्या समाधान गर्न नसकिने गरी हदैसम्म विकृत हुँदै गयो । यसरी हेर्दा सुकुमबासी शब्द बाहिरबाट गरीबीको समस्या देखिन्छ भने अन्तर्य राजनीतिक उदेश्यपूर्ति भएको छ ।

सुकुमबासीभन्दा ऐतिहासिक रुपमा पिल्सिएका विपन्न पुस्तैनी भूमिहीन समुदायलाई लक्षित गरिएको भए यो समस्या समाधान गर्न पचासौं वर्ष लाग्दैनथ्यो । पाँचै वर्ष पनि पर्याप्त समय हुन्थ्यो । हाम्रै सामाजिक, राजनीतिक शोषण-यन्त्र र यन्त्रणाले स्थापना गरेका कमैया, हरुवा, चरुवा, कमारा, हलिया, मुसहर, वादी जस्ता शब्दहरुबाटै विपन्नको पहिचान गरिएको भए समस्या यति जटिल हुँदैनथ्यो । संरचनागत रूपमा शोषण गरेवापत राज्यले तिनलाई क्षतिपूर्ति पनि दिनु पर्थ्यो । तर, खास कुरा के भने यसबाट शासकहरुले आफ्नो राजनीतिमा केही फाइदा देख्दैनन् ।

**समस्याको गिजोलाई**

जग्गा पाइन्छ भनेपछि अनेक किसिमले मानिस सुकुमबासी बन्दा रहेछन् । यो कुरा मेरो आफ्नै जागीरे जीवनको क्रममा देखियो । द्वन्द्वकालमा मध्यपश्चिमका जिल्लाको राजमार्ग छेउछाउ विस्थापित द्वन्द्वपीडितको नाममा पालमा बस्ने समूहहरु भए । आफ्नो जागीर पनि तीसित केही सरोकार राख्ने थियो । त्यसैले अनुगमनमा जानु पर्थ्यो । द्वन्द्वपीडित भनिएका ती पहाडी, हिमाली जिल्लाबाट आएका थिए । पछि बुझ्दै जाँदा थाहा पाइयो कि जाडोयाम सुरु हुँदा हरेक वर्ष हिमाल पहाडबाट पुरुषहरु भारतमा काम गर्न जान झर्दा रहेछन् । तिनैलाई केही नेताहरुले द्वन्द्वपीडित भनेर पाल टाँगेर बसेमा राजमार्ग छेउको जग्गा पाइन्छ भनेर बसाएका रहेछन् । धेरै समय भएपछि कतिपय भारततिरै पनि लागे । कतिले हामीसित गुनासो गर्थे कि भारत गएको भए अहिलेसम्म कति कमाइ भइसकेको हुन्थ्यो, नेताहरुले जान दिएको पनि होइन ।

एकपल्ट, अनुगमनपछि बस्तीबाट बाहिरिएर एउटा चिया पसलमा चिया खान बसेको थिएँ । त्यहाँ साहुजी त एकछिन अघि त्यहीं विस्थापित बस्तीमा भेटेको मान्छे रहेछ । कुराकानीमा भने कि उनले द्वन्द्वकालभन्दा केही वर्षअघि नै नेपालगञ्ज आएर पसल राख्न थालेका थिए । नजिकै डेरा पनि थियो । राती त डेरामै बस्ने हो । आफ्नै गाउँलेहरुले त्यहाँ पाल हाले भोलि जग्गा पाइन्छ भनेकोले आफूले पनि एउटा पाल हालेर केही सामान पनि राखेको जनाए ।

त्यति मात्र पनि होइन, गैरसरकारी संस्थाले विस्थापित द्वन्द्वपीडितलाई भनेर खाद्यान्न र सरसमान पनि बाँडेको थियो । वास्तवमा यस्तो बस्ती बस्दै दातृनिकायलाई देखाएर रकम ल्याइहाल्न माहिर हुन्छन् नेपालका गैरसरकारी संस्थाहरू । यसैमा तिनलाई मुनाफा पनि छ । अनि यस्ता बस्ती बढ्दै पनि जान्छ ।

यो अवश्य होइन कि वास्तविक द्वन्द्व पीडित नै छैनन् । बरु यस्तै प्रवृत्तिले वास्तविक पीडित गिजोलिने हुन्छ । सहयोग गर्ने निकायलाई पनि भ्रमित पार्ने हुन्छ । सुकुमबासीको सन्दर्भमा पनि त्यही हो, टाठाबाठा र राजनीतिक मानिसको प्रवेशले सानो संख्यामा रहेका वास्तविक पीडित गिजोलिएको छ ।

**मौलिक शब्द प्रयोगको खाँचो**

यदि साँच्चिकै भूमिहीनहरुको समस्या समाधान गर्ने हो भने सुकुमबासी उपयुक्त शब्द होइन । कमैया, हलिया, हरुवा, चरुवा, मुसहर, वादी आदि नेपाली समाजमा आफ्नै सामाजिक पृष्ठभूमिबाट जन्मेका शब्द प्रयुक्त भए समाधानतिर उन्मुख हुन सजिलो हुन्थ्यो । सबै गरीब वा भूमिहीनले जग्गा पाउनुपर्छ भन्ने कुरा नै गलत हो । राज्य र समाजकै स्वरुपको कारण पुस्तैनी रूपमै भूमिबाट वञ्चित भएकाहरूको प्रावधान हुनुपर्ने हो । तिनीहरू पाएको जग्गामा बस्छन् पनि, र उद्देश्य पनि सफल हुन्थ्यो ।

उदाहरणको लागि महोत्तरीमा धुर्मुस-सुन्तली फाउण्डेशनले निर्माण गरिदिएका घरमा मुसहरहरु बसेका छन् । तर दुइ दशकअघि जागीरको क्रममा घुम्दा रौतहट (सन्तपुर) लगायत कैयौं जिल्लामा बाढीपीडितको लागि बनाइएका दर्जनौं राम्रा राम्रा घरटहरा त्यत्तिकै खाली देखेको थिएँ । मान्छे नबस्दा ती घर भत्किँदै गइरहेका थिए । झ्याल, ढोकाका खापाहरु चोरी भइसकेका थिए । भित्र जनावरले फोहोर पारेका थिए ।

कारण के भने, जसको लागि घर बनाइएको थियो, तीसित भएका शिक्षा र सीप त्यहाँ उपयोग हुने भएन । ती आफ्नै किसिमले आफ्नो शिक्षा र सीप उपयोग हुने स्थानतिर लागे । यसको अर्थ हो जग्गा वा घरै दिनु पनि सबैको लागि समस्याको एउटै मात्र उपयुक्त समाधान होइन । उनीहरुको आवश्यकता र प्राथमिकता फरक फरक हुन सक्छन् ।

**बदलिँदो अर्थव्यवस्थामा गरिबीको परिभाषा**

कृषिमा आधारित अर्थव्यवस्थाबाट शिक्षा र व्यापारमा आधारित अर्थव्यवस्थामा फड्को मारिरहँदा त यो कुरा झन् सत्य प्रमाणित हुन्छ । विकसित मुलुकमा त आफ्नो घर हुने जनसंख्या झनै कम छ । बरु हाम्रो देशमा अधिकांशका सानै भए पनि आफ्नै घर छ । अमेरिकामा ३५ प्रतिशत जनतासित आफ्नो आवास छैन भनिन्छ । हामीकहाँ जस्तो जग्गा किनेर राख्ने चलन त झन छँदै छैन । त्यसको अर्थ ती गरीब होइनन् । तिनको जीवनस्तर हाम्रोभन्दा धेरै उच्च छ । ती राम्रो जागीर वा व्यवसाय गरेर राम्रो घरमा भाडामा बस्छन् ।

हो, कृषिमा आधारित अर्थव्यवस्थामा भूमि नै मुख्य धन हुन्थ्यो । अर्थव्यवस्था उद्योग-व्यापारमा आधारित भएपछि भूमिले मात्र सम्पन्नता जनाउन छोड्यो । सञ्चारको युगमा त यो अझ अमूर्त हुँदै गएको छ । त्यसैले, अब अचल सम्पत्ति सबैथोक रहेन । त्यसैले त अधिकांश गाउँका नेपालीहरु घरजग्गा हुँदा हुँदै पनि खेतिपाति गर्न छोडेर सहरबजारमा डेरा गरेर बस्न थालेका छन्, विदेशमा नोकरी गर्न गएका छन् । त्यसैले, राजा महेन्द्रको पालामा सुरु गरिएको पुनर्वासको अवधारणा अहिले सान्दर्भिक हुँदैन ।

काठमाडौंमा मेरै केही नेवार साथीहरु डेरामा बस्छन् । तिनको घरजग्गा छैन । पहिला ठूलै घर भएका तर पछि व्यापार बिग्रेर वा दिन लागेर घर बेच्नु परेकाहरु छन् । कतिपयका गल्लीभित्र एउटा सानो घर छ । दाजुभाइ धेरै छन् । भूकम्पमा त्यही घर पनि चर्केको छ । ती सानोतिनो जागीर वा व्यापार गर्छन् । व्यापार गर्नेले पसल भाडामा लिएका हुन्छन् । कोठाभाडा लिएर बस्छन् । तर, आफूलाई सुकुमबासी भन्दैनन् । राज्यबाट केही अपेक्षा पनि गर्दैनन् । आत्मसम्मान गुमाउन चाहँदैनन् । मेहनत गरेर कुनै दिन आफैं घर बनाउँला भनेर बस्छन् । यस्तो समूह अन्य जिल्ला र समुदायमा पनि होला ।

**सुकुमबासी होइन, सीमान्तीकृतको उत्थान**

त्यसैले, भूमिहीनता एउटा आधार हो भने मुख्य आधार ऐतिहासिक रुपमै शोषण र अन्यायको कारण पुस्तैनी रूपमै वहिष्करण वा सीमान्तीकरणमा परेकालाई लिनु आवश्यक छ । यस्ता समुदाय हरेक जिल्ला र समुदायमा फरक फरक नामले हुन सक्छन् ।

काठमाडौंकै नेवारमा पनि केही द्य:लाहरु सदियौंदेखि खोला किनारमा बसिरहेका छन् । यसको ऐतिहासिक कारण कोट्याउँदा उपत्यकामा किराती र लिच्छवीबीच युद्ध हुँदा द्य:ला जातिले किरातीको तर्फबाट युद्ध गरेका थिए भनिन्छ । पराजित जातिको भएको हुँदा तिनलाई उहिल्यै भूमि अधिकारबाट वञ्चित गरिएको थियो । विजितले पराजितको सर्वस्व खोस्ने चलन पनि थियो । यसको अर्थ उनीहरु दुइ हजार वर्षदेखि राज्यबाट अन्यायमा परेका हुन् ।

हो, केही द्य:ला परिवार आफ्नै बलबुटामा शिक्षा वा सीप आर्जन गरेर सम्मानित स्थानमा पनि पुगिसकेका छन् । तर कैयौं परिवार अझै पनि खोला किनारका मन्दिर वा ऐलानीमा बसिरहेका छन् । तीमध्ये कसैले राज्यबाट केही अपेक्षा गरेका छैनन् । किनभने ती गरीब हुँदै पनि तिनमा आत्मसम्मान ज्यूँदै छ । यदि उपत्यकामा कसैलाई भूमिहीनको नाममा जग्गा दिइन्छ भने त्यसको सबभन्दा पहिलो हकदार द्य:ला परिवार हुनुपर्छ ।

यदि अति-विपन्नताको समस्या हल गर्ने साँच्चिकै भित्री चाहना हुँदो हो भने सुकुमबासी शब्द कुनै पनि कोणबाट उपयुक्त छैन । यसले कुनै एक ठाउँमा बसेकालाई राजनीतिक उदेश्य पूर्तिको लागि अर्को ठाउँमा स्थानान्तरण गर्ने भन्ने मात्र बुझिन्छ । अहिले भइरहेको पनि त्यही हो । सुकुमबासी त राजनीतिले जानाजान सिर्जना गरेको विकृति मात्र हो । विपन्न जन्माइरहने र तिनलाई सधैंभरि अमानवीय र निसहाय अवस्थामा राखिराख्ने प्रपञ्च हो । हो, राज्यले देशका गाउँ गाउँमा प्रशस्त रोजगारका अवसर सिर्जना गर्नुपर्छ । विपन्नलाई सशक्त बनाउने ठोस योजना हुनुपर्छ । होइन भने जग्गा बाँडेर देशै सकिएला, तर सुकुमबासी कहिल्यै सकिँदैन ।

*(साभार: रातोपाटी)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर १७ गते शनिबार ३ डिसेम्बर २०२२ । मंसिर दशमी शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:४०, सूर्यास्त ५:६ । विश्व अपाङ्ग दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नयाँ काम गर्न जागर आउनेछ | **तुला** | : त्रासमय दिन हुनेछ |
| **वृष** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ | **वृश्चिक** | : खानपिन राम्रो हुनेछ |
| **मिथुन** | : पढाइमा सहयोग मिल्नेछ | **धनु** | : शरीरमा बाधा पुग्न सक्नेछ |
| **कर्कट** | : रिसाउने बानीले हानि पुग्नेछ | **मकर** | : मन पर्ने उपहार पाइने योग छ |
| **सिंह** | : सामाजिक काममा रुचि बढ्नेछ | **कुम्भ** | : प्रतिष्ठित काम गर्ने मौका छ |
| **कन्या** | : यात्रामा कष्ट मिल्नेछ | **मीन** | : आत्म(विश्वास बढ्नेछ |

# मत परिणामलाई कसरी हेर्ने ?

इन्द्र अधिकारी

आम चुनावका मत परिणामहरू आउने क्रम जारी नै छ । अरूले भन्दा धेरै मत ल्याउनेले जित्ने अर्थात् प्रत्यक्ष भनिने प्रणाली अन्तर्गतका १६५ सिटका रुझानहरूलाई लिएर कुन दल कति लोकप्रिय, कुन दलका मतदाताले कता मत दिए होलान् भन्नेजस्ता अडकलहरू काट्न थालिएका छन् ।

एमालेलाई अहिलेको नतिजाले झस्काएको छ, तर विषम परिस्थितिमा पनि बाह्य जगत् र मतदातालाई सकारात्मक सन्देश दिन खप्पिस उक्त दल अहिलेको नतिजालाई आफ्नो पक्षमा रहेको देखाउने प्रयोजनका लागि नयाँ भाष्य गढ्न उद्यत छ । कांग्रेस र माओवादी आफ्ना मतदाता र समर्थकहरूलाई दलको भविष्यबारे कसरी सकारात्मक बनाइराख्ने भन्नेतिर खासै काम गर्ने मुडमा देखिन्नन् । चुनाव नतिजालाई कतिपय दल र नेताकै आँखाबाट नभई नेपाल स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीजस्ता नयाँ दलहरूले कसरी त्यत्रो जनादेश पाएह यसको असर कुनकुन दललाई पऱ्योह समग्रमा एमाले, कांग्रेस र माओवादीलाई उनीहरूका मतदाता र आम नागरिकले के सन्देश दिएका छन् एवं यी सन्देशलाई ती दलले सहजै बुझ्न सक्लान् या सक्दैनन् भन्ने दृष्टिकोणबाट हेर्न सकिन्छ ।

पहिलो, अघिल्लो चुनावमा भन्दा यस पटक २५ लाख ६० हजार ६३२ नयाँ मतदाता थपिएका थिए । नयाँ दलहरूले त्यो संख्याभन्दा थप २ लाख मत लिइसकेको देखिन्छ । नयाँले सबै नयाँ नै छाने होलान् भन्ने अनुमान गर्न त नसकिएला, किनभने तिनले कम-से-कम राम्रै संख्यामा ती नयाँ मतदातालाई निर्वाचन आयोगको कार्यालयसम्म पुऱ्याउन राम्रै कसरत गरेका हुन्छन् । तर त्यसको ठूलो हिस्साले कि प्रत्यक्षमा कि समानुपातिकमा गरेर कम-से-कम एक भोट त्यहाँको 'युवा' उम्मेदवार वा नयाँ दललाई दिएको छ । त्यस्तै, यस पटक राम्रै संख्यामा पाका मतदाताले पनि नयाँ दल र नयाँ उम्मेदवारलाई छानेको देखिएको छ । एउटा अनुमान के गर्न सकिन्छ भने, नयाँ नाम दर्ता गरेकामध्ये मतदानमा सहभागी हुनेको संख्या पुराना मतदाताभन्दा तुलनात्मक रूपमा बढी अवश्य भयो । यसको मतलब अघिल्लो आम निर्वाचनमा मत हालेका करिब ७ देखि ८ प्रतिशत नागरिकले यसपालिको मतदानमा भाग लिएनन् । त्यस्ता नागरिक मतदानमा किन गएनन्, गएका भए कुन दललाई मत हाल्थे होलान् त भन्नेजस्ता विषय पनि चोकचोकमा छलफलमा छन् । केही महिनाअघिको स्थानीय तह निर्वाचनको परिणाम, अघिल्लो निर्वाचनको तुलना र यस निर्वाचनको सुरुआती चरणदेखि मौन अवधिसम्म देखिएका दलीय परिचालनले केचाहिँ अवश्य भनेको छ भने, यस पटक मतदानमा सहभागी नहुनेमध्ये धेरै सत्ता गठबन्धनका, मुख्य रूपमा कांग्रेसका र त्यसपश्चात् माओवादीका मतदाता रहेछन् ।

**गठबन्धन दलका मतदाताबाटै समानुपातिकको अवमूल्यन**

मौन अवधि सुरु हुने दिन राजधानीको नजिक तर नुवाकोट सदरमुकामबाट अलिक टाढा रहेको एउटा गाउँमा पुग्दा त्यहाँ स्थानीय तह चुनावमा पालिका उपाध्यक्षमा निकटतम प्रतिद्वन्द्वी रहेकी कांग्रेस नेत्री भन्दै थिइन्, 'हाम्रामा त समानुपातिकमा समेत मत कसलाई दिने भन्नेमा मतदातामा अन्योल छ । मतदाताका घरदैलो गरेर समानुपातिकमा उम्मेदवार मै हुँ भन्नसमेत कोही आएकै छैनन् ।' परिणाम पनि त्यस्तै आयो । यसअघिको वाम गठबन्धन हुँदा कांग्रेस पहिलो सशक्त दल भएको, गत स्थानीय तह चुनावमा कांग्रेस पहिलो र माओवादी दोस्रोमा रहेको अनि उनी आफैं मतदाता भएको त्यस क्षेत्रमा जब संघीय संसद् र प्रदेशसभा दुइटैमा सत्ता गठबन्धनका माओवादी नेताहरूलाई उम्मेदवारी मिल्यो, आमसभा र घरदैलोमा प्रत्यक्षकै उम्मेदवारसँग हँसिया हथौडा चिह्न साथ लिएर जानुपर्ने उनको बाध्यता रह्यो । परिणामत:, समानुपातिक मतमा यसपालि एमालेभन्दा झन्डै ७ सय मत कमसहित कांग्रेस दोस्रोमा रह्यो । सोही जिल्लाको अर्को निर्वाचन क्षेत्र – जुन कांग्रेसका लागि त्योभन्दा कमजोर देखिँदै आएको थियो – मा कांग्रेसका उम्मेदवार संघीय संसद्मा उठ्नाले समानुपातिकमा पनि एमालेभन्दा झन्डै २ हजार मत धेरै ल्याएर पहिलो बन्यो । यी तथ्यहरूले दुईवटा अवस्था बताइरहेका छन् । पहिलो, गठबन्धनका नाममा संघमा प्रत्यक्षमा अर्को चुनाव चिह्नका लागि मत मागेर समानुपातिकमा चाहिँ आफूलाई देऊ भन्न त्यति सहज नहुने । अर्को, प्रत्यक्षमा दुवै मत अन्य दललाई दिनुपर्दा, राजनीतिमा रुचि राख्नेहरू नै पनि समानुपातिकमा मात्र मत हाल्न कम परिचालित भइदिने अर्थात् सबै मतदातालाई मतदान केन्द्रसम्म लैजान नसकिने ।

उदाहरणका लागि, काठमाडौं उपत्यकामा जहाँजहाँ कांग्रेसका उम्मेदवारहरूले संघीय संसद्मा टिकट पाए, क्षेत्र नम्बर ५ र ६ मा बाहेक अन्यत्र समानुपातिक मत सबैभन्दा बढी कांग्रेसले पाएको छ । उम्मेदवार नभएका क्षेत्र नम्बर २ मा चौथो, ७ मा तेस्रो, ८ मा चौथो र ९ मा तेस्रो स्थानमा रहने गरी कांग्रेसले मत ल्याएको छ । कांग्रेसले संघीय संसद्मा उम्मेदवारी पाएको ललितपुर १ मा समानुपातिकमा पहिलो स्थानको मत पाइरहँदा समाजवादी र माओवादीका उम्मेदवार भएका अरू दुई क्षेत्रमा समानुपातिकमा कांग्रेस क्रमश: तेस्रो र चौथो भएको छ । कतै समानुपातिक उम्मेदवारहरू मनले नखाने खालका देखिएर त होइन भन्ने प्रश्न उठेको भए पनि प्रत्यक्ष उम्मेदवारसँग समानुपातिकको मत जोडिएर आएको यो शृंखलाबाट मतदाताहरूमा अहिले पनि समानुपातिकमा हालेको मतले संसद् र भविष्यको सरकार गठन या विघटनमा प्रत्यक्ष निर्वाचनबाट चुनिएकाको जस्तै भूमिका राख्ने सदस्य चयन हुने हो भन्नेमा विश्वास नभएको देखियो । अर्थात्, समानुपातिक निर्वाचन प्रणाली र त्यसका सबल पक्षबारे दलहरू जनतामा जान सकेनछन् ।

संसद्लाई समावेशी बनाउन कुनै क्लस्टरको बढी र कुनैको घटी प्रतिनिधित्वबाहेक समानुपातिकमा पनि जनताले दलहरूले निर्वाचन आयोगमा पठाएको उम्मेदवार सूचीलाई नै अनुमोदन गरेर सांसद बनाउने हो, त्यसैले प्रत्यक्षमा आफूले मन पराएको दलको उम्मेदवार नहुँदैमा समानुपातिकमा पनि मत नहाल्दा त्यसको फाइदा विपक्षीलाई नै हुन्छ भन्ने कुरा सत्ता गठबन्धनका शुभेच्छुकहरूलाई बुझाउन ती दलले सकेनछन् ।

*बाँकी पृष्ठ-३ मा...*

# बागमतीमा उन्नत गाई आयात गर्दा ढुवानीमा अनुदान दिइने

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ बागमती प्रदेश सरकारले नश्ल सुधारका लागि ल्याइने उन्नत जातका गाई आयात गर्दा लाग्ने ढुवानी भाडामा किसानलाई अनुदान दिने कार्यक्रम ल्याएको छ ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उन्नत गाई आयातमा ढुवानी गर्नका लागि प्रतिगाई एक लाख रुपैयाँ अनुदान दिने भएको हो । अनुदान नश्ल सुधारका लागि ल्याइने गाईको हकमा मात्रै प्रयोग हुने मन्त्रालयको कार्यविधिमा उल्लेख छ ।




अनुदान बागमतीका १३ वटै जिल्लाका किसानको हकमा लागू हुने कार्यविधिमा उल्लेख छ । बागमतीका काभ्रे, चितवन, मकवानपुरमा धेरै गाईपालन हुने गर्दछ । मन्त्रालयले चालु आर्थिक वर्ष २०७९/०८० मा विदेशबाट हवाइ मार्गमार्फत गाई ढुवानी गर्नका लागि अनुदान रकम दिने जनाएको छ । विदेशबाट गाई नेपालमा ल्याउँदा निकै खर्चिलो हुने भन्दै मन्त्रालयले प्रतिगाईको भाडा बापत १ लाख रुपैयाँ अनुदान दिने भएको मन्त्रालयका प्रवक्ता झलनाथ कँडेलले जानकारी दिए । मन्त्रालयले अनुदान वितरणका लागि 'उन्नत गाई आयातमा ढुवानी अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया-२०७९' कार्यविधि स्वीकृत गरिसकेको छ ।

गाई आयातकर्ता निकायले अनुदान पाउन गाई आयत गरेको देश, संख्या, गाईको जात, खरिद गरेको प्रमाण, ढुवानीको टिकट, बिल, बैंक कारोबारको प्रतिलिपि, सम्झौता अनुसारको कागजातसहित भुक्तानीको लागि निवेदन पेश गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

नेपालमा उन्नत जातको गाईको अभावको कारण दुध उत्पादनमा कमि आएको भन्दै ढुवानी भाडा अनुदान दिन लागिएको प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेशका उपाध्यक्ष टिका बल्दब सापकोटाले बताए ।

# नाति-नातिना भएपछि म धेरै काम छोड्छु: शोभित बस्नेत



काठमाडौं/आफ्नो अभिव्यक्तिका कारण प्राय: चर्चा र विवादमा आउने गरेका निर्देशक शोभित बस्नेतले मंसिर १२ गते आफ्नो एकमात्र छोरा सलोन बस्नेतको विवाह गरे । उनलाई छोराको विवाह भव्य रुपमा गर्ने ठूलो सपना थियो, जुन उनले पूरा गरेका छन् । सम्भवत: बस्नेत परिवारकै महंगो र भव्य विवाह सलोनको भएको हो । शोभितलाई अब छोरीको विवाह पनि सानदार रुपमा गर्ने सपना छ ।

छोराको विवाहको चटारोमा पनि बिन्दास देखिएका उनले बुधवार काठमाडौंको एक पाँचतारे होटलमा आयोजित रिसेप्सन पार्टीमा नाति-नातिना खेलाउने इच्छा रहेको बताए । उनले भने, 'सलोन बच्चा हुँदा मैले उसलाई कहिल्यै समय दिन पाइनँ । त्यसले गर्दा पनि सलोन बच्चा हुँदा दिन नपाएको समय म नाति-नातिनालाई दिन चाहन्छु । नाति-नातिना भएपछि म धेरै काम छोड्छु पनि ।'

उनले छोराको बिहेपछि आफू परिपक्व भएको बताए । तर, आफू कहिल्यै पाको नहुने भन्दै शोभितले ठट्टा पनि गरे । करिश्मालाई बुहारीको रुपमा पाएकोमा आफूलाई भाग्यमानी ठान्छन्, शोभित । 'बुहारीको रुपमा करिश्मालाई पाएकोमा आफैंलाई भाग्यमानी ठान्छु,' उनले अगाडि भने, 'दुई दिन अगाडिसम्म सलोन मेरो छोरा थियो, आज बुहारी पनि मेरो भएर थपिएको महसुस गरेको छु ।'

बस्नेत परिवारलाई आफ्नो ठानेर सधैं हाँसी-खुसी बस्न करिश्मासँग उनले आग्रह गरेका छन् । बुहारीसँग के माग्न चाहनुहुन्छ ? भन्ने पत्रकारको प्रश्नमा उनले भने, 'म करिश्मासँग त्यस्तो केही माग्दिनँ । हाम्रो जस्तो हाँसी-खुसी बस्नेत परिवार छ, त्यसमा सधैं मिसिएर हाँसी-खुसी र बस्नेत परिवारलाई आफ्नो ठानेर बसिदिए पुग्छ ।' करिश्माले पनि आफू हर सु:ख-दु:खमा साथमै रहने वाचा गरिन् ।

# युद्धलाई मिडियाबाट किन टाढै राख्छिन् पूजा ?

काठमाडौं/आफ्नो अनियन्त्रित अभिव्यक्तिका कारण अभिनेत्री पूजा शर्मा जति विवादित बन्छिन्, व्यक्तिगत जीवनका कारण उनको चर्चा पनि उतिक्कै हुने गरेको छ । आकाश श्रेष्ठसँग पानी बाराबार भएपछि युद्ध बानियाँसँगको प्रेम सम्बन्धका कारण चर्चामा रहेकी उनी अब विवाह गर्न ढिलो गर्ने पक्षमा छैनन् । तर, अहिले उनीहरुले एक व्यावसायमा हात हालेकाले विवाह केही समय धकेलिने देखिन्छ ।

युद्धसँग भर्खर प्रेम अंकुराउँदा पूजा प्रेम सम्बन्धको बारेमा बोल्न खासै रुचाउँदिन थिइन् । प्रेमीलाई लिएर सार्वजनिक कार्यक्रममा पनि उनी पुग्ने गरेकी थिइनन् । आफ्नो पछिल्लो फिल्म 'म यस्तो गीत गाउँछु २' रिलिज भएपछि भने उनले युद्धलाई आफ्नो छायाँ बनाएर हिँड्ने गरेकी छन् । मिडियाको लावालस्कर हुने सार्वजनिक कार्यक्रममा पनि आजभोली उनी युद्धसँग निर्धक्क पुग्ने गर्छिन् ।

शनिबार अभिनेता सलोन बस्नेत र करिश्मा केसीको मेहेन्दी र संगीत कार्यक्रममा पूजा प्रेमीकै साथमा पुगेकी थिइन् । बुधबार साँझ काठमाडौंको एक होटलमा भएको रिसेप्सन पार्टीमा पनि उनी युद्धलाई साथमै लिएर उपस्थित भएकी थिइन् । त्यहाँ उनीहरुले



मिडियाका लागि एकसाथ तस्बिर खिचाउन हिचकिचाएनन् । तर, मिडियासँग बोल्ने क्रममा भने पूजाले युद्धलाई अगाडि सारिनन् ।

युद्ध लजालु स्वभावको भएकाले मिडियामा बोल्न अप्ठ्यारो मान्ने भन्दै उनले मिडियामा बोल्नका लागि पनि उपयुक्त समय आउने बताइन् । उनले युद्धलाई मिडियामाझ चिनाउन नचाहे पनि सलोन-करिश्माको रिसेप्सन पार्टीमा उपस्थित भएका आफू नजिकका व्यक्तिहरुसँग भने चिनजान गराएकी थिइन् । उक्त पार्टीमा युद्धले केही पटक पूजालाई 'सानु' भनेर बोलाएको सुनिएको थियो ।

# मत परिणामलाई कसरी...

**जित्ने दम्भबीच मतदातामा अन्योल र निराशा**

यस पटक सत्ता गठबन्धनविरुद्ध सुरुमा बनाइएको 'यो शक्ति सैद्धान्तिक विचलनको उभार हो' भन्ने भाष्यलाई राष्ट्रिय रूपमा नचिर्दा एकातिर आम मतदातासम्मले त्यही प्रश्न गरिरहेका थिए भने अर्कातिर केही समयअघिको स्थानीय तह चुनावको मतलाई हेरेर उत्साहित उम्मेदवार र तिनका कार्यकर्ताहरू केही मतदाता नआउँदैमा निर्वाचन नहारिने भन्दै ढुक्क भए । 'गठबन्धनका कारण जितिहालिन्छ, किन अरू बेलाजस्तो मिहिनेत गर्नु र' भन्ने खालका भनाइ उम्मेदवार र तिनका निकटस्थहरूबाट आइदिँदा उम्मेदवार लाई घुर्काएर अलिक महत्त्व पाउने आशामा रहेकाहरूले यस पटक सोचेजति भाउ पाएनन् । परिणामत:, मानिसहरू अलि अघिल्ला चुनावहरूमा झैं उत्साहका साथ कार्यक्षेत्रबाट थाकथलो फर्किएनन्ह गाउँघरमै भएका सबै पनि बुथसम्म गएनन् । कतिपयले लोकाचार निभाएर मतदान गरी फर्के पनि कतिपय त चुनावको मुखमा गाउँसमेत छाडेर चुपचाप अन्यत्र गएको देखियो । कार्यकर्ता मात्र होइन, गठबन्धनमा झुकाव राख्ने मतदाताहरूमा समेत देखिएको यस्तो रबैयाका कारण समानुपातिक मतमा राम्रै असर देखियो ।

**निर्वाचन परिचालन र गठबन्धन**

चुनाव परिचालनको समग्रता हेर्दा, राप्रपा, नेपाल स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी र केपी ओलीले यस पटक यसमा कुनै कसर बाँकी नराखेको देखियो । कांग्रेस र माओवादीका नेताहरू त आआफ्नै निर्वाचन क्षेत्रमा सीमित रहे । भाष्य बनाउन सक्नेहरू जब क्षेत्रकेन्द्रित रहे, चुनाव नै कसले हाँक्यो भनेर सोध्नुपर्ने अवस्था आयो । संसदीय दलमा चुनाव लड्ने चाहना व्यक्त गरेका कारण गगन थापालाई मुख्य क्याम्पेनर बनाउन नसके पनि कम-से-कम विश्वप्रकाश शर्मालाई त्यसका लागि तयार गरिएको भए नयाँ मतदातालाई आकर्षण गर्न मात्र होइन, सत्ता गठबन्धनविरुद्ध सशक्त रूपमा ल्याइएको भाष्य चिर्न पनि सफलता मिल्न सक्थ्यो । डा. स्वर्णिम वाग्ले, डा. मीनेन्द्र रिजाल, डा. गोविन्द पोखरेल लगायतलाई पनि टिकट नदिइएको भन्ने हल्ला मच्चाउनुभन्दा, यस पटक चुनावका सारथि चाहिएकाले बाहिर बस्न अनुरोध गरिएको हो भन्न सकेको भए उनीहरूले देश दौडाहा गरेर गरेको प्रयासले केही परिणाम दिन सक्थ्यो होला, तर त्यस्तो भएन । पुराना दलहरू काम नलाग्ने भए भन्दै भाष्य बनाउनेहरू उद्यत भइरहँदा दलले टिकट नदिएकाहरू स्वस्फूर्त रूपमा परिचालित हुनुले उनीहरूका कुरा जनताले पत्याउने आधारै रहेन ।

**चुनाव परिणामलाई कसरी हेर्ने ?**

२०५१ र २०७० सालमा समेत राम्रै मत पाइसकेको राप्रपाको यस पालिको मत नयाँ नेतृत्वमार्फत भएको 'रिभाइवल' को हो भन्न सकिन्छ । नेपाल स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी लगायतका सन्दर्भमा चाहिँ मुख्य दलहरूविरुद्ध बनाइएको बलियो भाष्यको परिणाम हो त्यो । मतगणना अन्तिम चरणमा पुगिसक्दा यसअघिका सबै राष्ट्रिय दलको मतमा ५ देखि ७ प्रतिशतले गिरावट आएको देखिन्छ । जहाँसम्म मुख्य तीन दल एमाले, कांग्रेस र माओवादीको जनमतको कुरा छ, माथि उल्लेख गरिएझैं मतदाता प्रत्यक्षका उम्मेदवारकेन्द्रित मनोभावमा रहेकाले अहिले प्राविधिक रूपमा अरूभन्दा धेरै अर्थात् झन्डै २७ प्रतिशत मत ल्याएर एक नम्बर नै देखिइरहँदा पनि एमालेको मत यस पटक कांग्रेस र माओवादीका तुलनामा राम्रै संख्यामा घटेको छ । जनमत प्रत्यक्षका उम्मेदवारकेन्द्रित देखिइरहँदा एमालेले संघीय संसद्का १४१ स्थानमा उम्मेदवारी दिएको थियो भने कांग्रेसले जम्मा ९१ अनि माओवादीले ४७ स्थानमा मात्र । मतलब, दलविशेषको शुभेच्छुक भए पनि प्रत्यक्षमा उम्मेदवार नपाए पश्चात् समानुपातिकमा मात्र मतदान गर्न नजानेहरू एमालेका सन्दर्भमा २२-२४ क्षेत्रमा थिए भने, कांग्रेसका मतदाताहरू ७२-७४ क्षेत्र र माओवादीका ११७-११८ निर्वाचन क्षेत्रमा मतदानमै नगएको परिस्थिति देखियो । त्यस्तै, यस पटक एमाले नै एक मात्र दल थियो, जसका अध्यक्षले हेलिकप्टरमा देश दौडाह गरे र आफ्ना बचेका कार्यकर्तालाई बहुमतको सपना देखाउँदै र सकेजति उत्साहित गरेर मतदान केन्द्रसम्म लैजान सफल भए । गर्न सक्ने र मिल्ने सबै पहलबीच एमालेले जुन मत समानुपातिकमा पायो, त्यसले ओलीका तुक्काहरू सुनेर आकर्षित हुने मत बिस्तारै घट्दो क्रममा छ ।

अन्त्यमा, यसपालि काम नलागेका अर्थात् मतदान केन्द्रमा पुगेर मत पनि नहाल्नेलाई समर्थक भनिरहने कि नभन्ने भन्ने प्रश्नलाई थाती राखेर हेर्ने हो भने कांग्रेस र माओवादीका हकमा यो परिणाम एमालेको भन्दा अलिक उत्साहित देखिन्छ । मतदान गर्न नगएका र हैसियत अनुसार स्वयं आफूलाई परिचालन नगरेकाहरू नै अहिले मतगणनामा कांग्रेस नेतृत्वको गठबन्धनको राम्रो परिणामको अपेक्षा गरिरहेका छन् ।

यसबाट के भन्न सकिन्छ भने, कांग्रेस र माओवादीले मतदातामा आफ्नो आधार अझै गुमाइसकेका छैनन्, र भोलि एक्लै चुनावमा जाँदा यसपालि मतदान केन्द्र जान नचाहेका समर्थकको साथ पाउने सम्भावना अझै छ । त्यसका लागि केही समयदेखि जनमनमा बढ्दो उमेर र विचारमा नवीनतम सोच ल्याउने राजनीतिप्रतिको चाहना बुझेर काम गर्न दलहरूले अबचाहिँ ढिलो गर्न हुन्न । *(साभार: ई-कान्तिपुर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## विश्वकप-२०२२

# कतार विश्वकपमा १०० गोल पूरा
## मोरक्कोका नाएफ बने पहिलो आत्मघाती गोलकर्ता

काठमाडौं/कतारमा जारी २२औं संस्करणको फिफा विश्वकपमा एक सय गोल पूरा भएको छ ।

समूह एफ अन्तर्गत मोरक्को र क्यानडाबीचको खेलमा पहिलो हाफमा तीन गोल भएपछि सय गोल पुगेको हो ।

खेलमा मोरक्कोले यस विश्वकपको ९८औं र ९९औं गोल गऱ्यो । एक सयौँ गोल पनि मोरक्कोकै खेलाडीले गरे । तर उक्त गोल भने क्यानडाको नाममा रह्यो ।



मोरक्कोका नाएफ अगुएर्डले ४०औं मिनेटमा गरेको आत्मघाती गोल सयौँ गोल बनेको हो । साथै जारी विश्वकपमा यो पहिलो आत्मघाती गोल पनि हो । यस्तै मोरक्कोले यस विश्वकपमा खाएको पनि यो नै पहिलो खेल हो ।

पहिलो खेलमा मोरक्कोले क्यानडामाथि २-१ को जित हासिल गरेको छ भने अर्को खेलमा क्रोएसिया र बेल्जियमले बराबरी खेलेका छन् ।

यो नतिजाले मोरक्को ७ अंक जोडेर शीर्ष स्थानमा रहँदै अन्तिम १६ मा पुगेको छ भने क्रोएसिया ५ अंकसहित समूह उपविजेता बनेको छ । ४ अंक सहित बेल्जियम तेस्रो भएर समूहबाटै बाहिरिएको छ ।

जारी विश्वकपमा इक्वेडरका इनर भ्यालेन्सिया, फ्रान्सका किलिएन एमबाप्पे, इंग्ल्याण्डका मार्कुस रासफोर्ड र नेदरल्याण्ड्सका कोडी गाक्पोले समान ३-३ गोल गरेका छन् ।

# क्यानडालाई हराउँदै मोरक्को समूह विजेताको रुपमा अन्तिम १६ मा प्रवेश

काठमाडौं/समूहको अन्तिम खेलमा बिहीबार क्यानडालाई ३-१ ले पराजित गर्दै मोरक्को समूह एफको विजेता बनेर कतारमा जारी फिफा विश्वकपको अन्तिम १६ मा प्रवेश गरेको छ ।

साविक उपविजेता क्रोएसिया, बेल्जियम जस्ता टिम रहेको समूह एफमा अपराजित रहँदै मोरक्कोले ७ अंक जोड्यो ।

अल थुमामा रंगशालामा भएको खेलमा मोरक्कोका लागि हाकिम जिउचले खेलको चौथो मिनेटमै गोल गरे भने युसुफ एन नेस्रीले २३औं मिनेटमा गोल गरे ।

क्यानडाले आत्मघाती गोल उपहार पाउँदा गोल अन्तर




घटाएको थियो । तर गोल फर्काउन सकेन ।

मोरक्कोका नाएफ अगुएर्डले ४०औं मिनेटमा आत्मघाती गोल गरेका थिए । यो गोल जारी विश्वकपको पहिलो आत्मघाती गोल हो । यस्तै कतार विश्वकपको एक सयौँ गोल समेत यही गोल बाट पूरा भएको छ ।

क्यानडा समूहमा सबै तीन खेल हार्दै बाहिरिएको छ । १९८६ पछि पहिलो पटक नकआउट चरणमा पुगेको मोरक्कोले अब अन्तिम १६ मा समूह इ को उपविजेतासँग खेल्नेछ ।

मोरक्को ३६ वर्षपछि विश्वकप फुटबलको नकआउट चरणमा प्रवेश गरेको हो । सन् १९८६ मा इंग्ल्याण्ड, पोर्चुगल र पोल्याण्ड जस्ता टिम रहेको समूहमा मोरक्को अपराजित रहेर समूह विजेता बन्दै अन्तिम १६ मा पुगेको थियो । तर, पश्चिम जर्मनीसँग पराजित हुँदै बाहिरिएको थियो ।

# समूह चरणबाटै बाहिरिएपछि बेल्जियमका प्रशिक्षकले दिए राजीनामा



काठमाडौँ/कतार विश्वकपमा उपाधि दाबेदार मानिएको बेल्जियम समूह चरणबाटै बाहिरिएपछि मुख्य प्रशिक्षक रोबर्टो मार्टिनेजले पद त्याग गरेका छन्।

बिहीबार क्रोएसियासँग गोलरहित बराबरीमा रोकिएपछि बेल्जियमको विश्वकप यात्रा समूह चरणमै सीमित बनेको थियो। बराबरीको नतिजाले बेल्जियम विश्वकपको उपाधि दौडबाट बाहिरिएसँगै मार्टिनेजले मुख्य प्रशिक्षक पद त्यागेको घोषणा गरेका हुन्।

खेलपछि उनले भने, 'यो मेरो अन्तिम खेल हो, यो कति भावुक थियो तपाईले कल्पना गर्नुहोस्। यो निर्णय मैले विश्वकप अघि नै लिएको थिएँ । सन् २०१८ मा मैले यो अवसर पाए । त्यसपछि मैले क्लब स्तरमा काम गर्न छाडे । म सँधै आफ्नो काममा बफादार हुन चाहन्छु। यो मेरो राजीनामा हैन, सम्झौता अन्त्य हो। यो पहिलादेखि कै योजना हो ।'


उनले थपे, 'विगत ६ वर्षदेखि योजनाबद्ध रुपमा काम गर्यौ र विश्वकप छनोट हुँदै यहाँसम्म आइपुग्यौं । म मेरो खेलाडीप्रति गर्व गर्छु । उनीहरु अविश्वसनीय छन्। हामीले क्लब र राष्ट्रिय टोलीका लागि मिलेर गर्नसक्ने सबै गर्यौं जसले गर्दा उनीहरुले मलाई सँधै गौरवान्वित महसुस गराए।'

# जर्मनी लगातार दोस्रो पटक समूह चरणबाटै बाहिरियो

काठमाडौँ/समूह 'ई' अन्तर्गत बिहीबार राति भएको खेलमा जापानले स्पेनलाई पराजित गरेसँगै जर्मनी लगातार दोस्रो पटक विश्वकपको समूह चरणबाटै बाहिरिएको छ। अन्तिम खेलमा कोस्टारिकालाई ४-२ गोलको नतिजामा पराजित गरे पनि जर्मनी गोलअन्तरको आधारमा तेस्रो स्थानमा सीमित हुँदा जर्मनी नकआउट चरण पार गर्न असफल रह्यो।

अल बायट रंगशालामा सर्ज जिनाब्रीले १०औं मिनेटमा गरेको गोलसँगै जर्मनीले अग्रता लिएको थियो। पहिलो हाफमा १-० को अग्रता बनाएको जर्मनीले ५८औं मिनेटमा गोल खाएको थियो। येल्टसिन टेजेडाले गरेको गोलसँगै बराबरी गरेको कोस्टारिकाले ७०औं मिनेटमा २-१ अग्रता बनायो।

जर्मनीका गोलकिपर म्यानुअल नोएरले आत्मघाती गोल गरेपछि कोस्टारिका नकआउट नजिक पुगेको थियो। तर, अन्तिम समयमा जर्मनीविरुद्ध तीन गोल खाँदा कोस्टारिकाले अगाडिको यात्रा तय गर्न सकेन। जर्मनीका



लागि काइ हाभर्ट्जले ७३ र ८५औं मिनेटमा लगातार दुई गोल गरेका थिए।

निर्धारित समयको खेलसकिन एक मिनेट बाँकी रहँदा निक्लास फुलक्रुगले गरेको गोलसँगै जर्मनीले ४-२ गोलको जित सुनिश्चित गर्यो। तर, समूह चरण पार गर्न भने सकेन।

यो समूहबाट जापान समूह विजेता र स्पेन उपविजेता बन्दै अन्तिम १६ मा पुगेका छन्।

साझाकुरा

**"तपाईं, हामी सबैको कुरा"**

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**



वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# मल माग्दै थाहा नगर घेराउ




साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा रसायनिक मल नपाएको भन्दै किसानहरु आन्दोलित भएका छन् ।

थाहा नगरको फाँटमा आलु लगाउने बेला आएको भन्दै कसान आन्दोलन संघर्ष समिति थाहा नगरले मलको अभाव हटाउन नगर पालिकालाई दबाब दिने कार्यमा जुटेको छ । बिहीवार नगरपालिका परिसरमा समितिको नेतृत्वमा किसानहरुले मल मागेर धर्ना दिएका छन् । समयमै मल नआउँदा आलु लगाउन समस्या हुने भन्दै नगर पालिकाले तत्काल समस्या समाधान गर्न किसानहरुले माग गरेका छन् ।

किसानहरुको धर्नामा थाहाका नगर प्रमुख विष्णुबहादुर विष्टसमेत सहभागी थिए । उनले मल आपूर्तिका लागि आफूले निरन्तर पहल गरिरहेको जानकारी दिए । नगरपालिकाले मल अभाव हुन नदिने भन्दै किसानलाई प्रतिबद्धता जनाएका छन् ।

रसायिनक मल अभाव हुँदा किसानहरुलाई वैज्ञानिक परिक्षण नभएका तथा सम्बन्धित निकायले प्रमाणीकरण नगरिएका गुणस्तरहीन मलको बाध्यात्मक ढंगबाट प्रयोग गर्नुपर्ने जुन असहज परिस्थिति छ । स्थानीय तहले मल आपूर्तिमा ध्यान नदिएको किसानहरुले आरोप लगाएका छन् ।

सरकारबाट निश्चित मूल्य निर्धारण गरिएका युरिया, डिएपी जस्ता रसायनिक मलहरु तेब्बर मूल्य तिरेर खरिद गर्नुपर्ने बाध्यता परेको किसानहरुले गुनासो गरेका छन् । थाहा नगरपालिकामा माघ महिनाको पहिलो हप्तादेखि आलु लगाउनु सिजन सुरु हुनेछ ।

त्यतिबेला प्रति किसान ६ बोरादेखि १५ बोरासम्म मल आवश्यक पर्ने देखिएको छ । तर, हालकै मल अभावले माघमा आलु लगाउदा ठूलो समस्या हुने स्थानीय किसान सानुबाबु मोक्तान बताउँछन् । किसानहरुका अनुसार मल अभावलाई टार्न थाहामा समानुपातिक मल वितरणले किसानहरुले पर्याप्त मल नपाउने देखिएको हो । प्रति किसानले १० किलो मल मात्रै पाउँदा टोक्नु न बोक्नु हुने किसानहरु बताउँछन् । समयमै मल ल्याएर किसानहरुलाई आवश्यकता र औचित्यको आधारमा मल बाँडफाँड गर्नुपर्ने माग उनीहरुले गरेका छन् ।

'कुन ठाउँमा कति आवश्यक पर्छ, तत्कालको आवश्यकतालाई सम्बोधन गर्दै छोटो समयमा आपूर्ति व्यवस्था मिलाउनु पर्ने देखिन्छ । मल आपूर्ति गर्दै आएका निकायले कुन ठाउँको लागि कति मल वितरण गरियो भनेर सहज जानकारी प्राप्त गर्न तथा आवश्यकताको आधारमा पर्याप्त मल माग गर्नका लागि किसानकै प्रतिनिधित्व हुनेगरी एउटा निष्पक्ष आयोग गठन गर्न ध्यानाकर्षण गराउँदछौं,' समितिको प्रेस विज्ञप्तिमा भनिएको छ ।

# हुप्रचौरमा रहेको वीरेन्द्रको शालिक सुरक्षा गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरका तर्फबाट प्रदेशसभा सदस्य उम्मेदवार रहेका गुन्जबहादुर न्यौपानेले हुप्रचौरभित्रको राजा विरेन्द्रको शालिक सुरक्षा गर्न माग गरेका छन् ।

हेटौंडा उपमहानगर पालिका-४, स्थित हुप्रचौरको दक्षिणतर्फ हाल भत्काइएको बासुदेव सभागृह पछाडि रहेको राजा विरेन्द्र शाहको शालिक सुरक्षा गर्न न्यौपाने नेतृत्वको राप्रपा टोलीले माग गरेको हो । बिहीवार मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेमार्फत काठमाडौं स्थित पुरातत्व विभागलाई ज्ञापन पत्र बुझाउँदै राप्रपाको टोलीले हुप्रचौरको निरन्तर अतिक्रमण भइरहेको हुँदा शालिक पनि असुरक्षित रहेको जनाएको छ । विरेन्द्रको शालिक भएको ठाउँमा हेटौंडा उपमहानगरपालिकाले भ्यूटावरसहितको व्यापारिक भवन बनाउन लागेको छ ।

भवन निर्माणका लागि ठेक्का प्रक्रिया भएर काम अगाडि बढिसकेको छ । राप्रपाले हुप्रचौरको अतिक्रमणलाई पनि रोक्नु पर्ने माग राखेको छ ।

शाहको शालिक ऐतिहासिक तथा चुना, सुर्किले बनेको हुँदा पुरातात्विक महत्वकोसमेत भएकोले तत्काल संरक्षण गर्न माग गरिएको राप्रपाका सन्दिपकुमार सापकोटाले बताए । भ्युटावर र व्यापारिक भवन बनाएर हुप्रचौरको खाली जग्गाको दुरुपयोग गर्न नहुने सापकोटाले बताए ।

# सुकुम्बासीलाई लालपूर्जा वितरण गर्न राज्यमन्त्रीको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजाले सुकुम्बासीलाई लालपुर्जा वितरण गर्न आग्रह गरेका छन् ।

बिहीबार भूमि सम्बन्धी समस्या समाधान आयोग मकवानपुरलाई पत्र लेख्दै राज्यमन्त्री प्रजाले बाढी पहिरोबाट विस्थापित बनी वर्षौंदेखि मनहरी गाउँपालिका ६ र ७ मा बसोबास गर्दै आएकाहरुलाई यथाशीघ्र लालपूर्जा वितरण गर्न आग्रह गरेका हुन् ।

२०५९ सालको बाढी पहिरोमा राक्सिराङ र कैलाश गाउँपालिकाबाट विस्थापित भई आएका र अन्यत्रबाट विस्थापित भई मकवानपुरको मनहरी गाउँपालिका ६ र ७ को जोगीताल, खयरघारी, बिजौना, निर्मलबस्ती, लामाबस्ती, डिपाट, रमन्टार, कत्ले खोलामा बसोबास गर्दै आएका भूमिहीनलाई तत्काल लालपूर्जा वितरणको प्रक्रिया सुरु गर्न उनले आग्रह गरेका छन् ।

लामो समयदेखि जग्गाको भोगचलन गर्दै आएता पनि आफूहरुले लालपूर्जा पाउन नसकेको भन्दै स्थानीयबाट बारम्बार गुनासो आएकोले उनीहरुको समस्या समाधानमा काम गर्न आयोगलाई आग्रह गरिएको छ ।



मनहरीको ६ र ७ का विभिन्न बस्तीमा करिब तीन हजार पाँचसय परिवार भूमिहीन सुकुम्बासीहरु बसोबास रहेको बताइएको छ ।

मनहरी गाउँपालिकाले यसअघि भूमिहीनको लगत संकलनसमेत गरिसकेको छ । पर्सा राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय र मनहरी गाउँपालिकासँग समन्वय गरी जतिसक्दो छिटो भूमिहीनलाई लालपूर्जा वितरणको काम अघि बढाउन राज्यमन्त्री प्रजाले आग्रह गरे ।

# विश्व एड्स दिवसमा जनचेतना अभिवृद्धि




साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाले ३५ औं विश्व एड्स दिवसको अवसरमा जनचेतना अभिवृद्धि कार्यक्रम गरेको छ ।

एड्स अन्त्यका लागि समानताको सुनिश्चितता भन्ने मुल नाराका साथ प्रतिष्ठानले जनचेतना अभिवृद्धि कार्यक्रम गरेको हो । प्रतिष्ठानले जनचेतनाको लागि र्‍याली, फल्यास मुभ र एड्स भएकाहरुको अनुभव साटासाट गरेको छ ।

जनचेतनामुलक र्‍यालीलाई सम्बोधन गर्दै प्रतिष्ठानका उपकुलपति विश्वराज जोशीले एड्स नियन्त्रणमा रहेपनि नसकिएकाले जनचेतनामुलक कार्यक्रमले अझैं चेतना फैलाउन मद्दत गर्ने विश्वास व्यक्त गरे । उनले एड्स बारे आम जनसमुदायले सही जानकारी पाउनुपर्नेमा जोड दिए ।

हेटौंडा-१० टिसिएनमा रहेको प्रतिष्ठानको कार्यालय अगाडिबाट सुरु भएको र्‍याली बसपार्क, जिल्ला प्रहरी कार्यालय परिसर, राप्ती रोड, बुद्ध चोक, सिमाचोक हुँदै सितलमहल चोकमा पुगेर फल्यास मुभ गरिएको थियो । र्‍यालीमा सहभागी प्रतिष्ठानमा अध्ययनरत् विद्यार्थीहरुले जनचेतना मूलक प्ले कार्डको प्रर्दशन गर्नुका साथै एड्सबाट बच्न र बचाउन आग्रह गरेका थिए । उनीहरुले कण्डमको सही प्रयोग गर्न पनि आग्रह गरेका थिए । हेटौंडा-४ स्थित हुप्रचौरमा पुगेर कोणसभामा परिणत भएको र्‍याली एड्स संक्रमितले अनुभव साटासाट गरे पश्चात समापन भएको हो ।

यसैगरी, एड्स दिवसको अवसरमा स्वास्थ्य निर्देशनालय हेटौंडाले पनि प्रभातफेरी कार्यक्रम गरेको छ । बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाको प्रमुख अतिथ्यतामा बिहीवार हेटौंडामा 'एड्स अन्त्यका लागि समानताको सुनिश्चितता' भन्ने नारासहित दिवस मनाइएको हो ।

स्वास्थ्य निर्देशनालयको परिसरबाट सुरु भएको प्रभातफेरी राप्तिरोड, बुद्धचोक, लोकप्रिय चोक, मानसचोक, संगमचोक, कान्तिराज, स्कुलरोड, सिमाचोक, टिसिएन रोड हुँदै बसपार्क पुगेर कोण सभामा परिणत भएको थियो ।

स्वास्थ्य निर्देशनालयका प्रमुख डाक्टर महेश्वर श्रेष्ठको सभाध्यक्षमा भएको कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य राज्य मन्त्री कल्पना नेपाली लगायतकारहरुको उपस्थिति थियो ।

# मकवानपुरमा परेन मानव अधिकार उल्लघंनको उजुरी



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ मकवानपुरमा गत आर्थिक वर्ष २०७८/०७९ मा मानव अधिकार उल्लघंनको उजुरी नपरेको मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयले जानकारी दिएको छ ।

बागमती प्रदेशभर गत आवमा ३३ वटा मात्रै उजुरी पर्दा मकवानपुरमा भने उजुरीको संख्या शुन्य रहेको कार्यालयले बिहीवार पत्रकार सम्मेलन गरेर जानकारी दिएको हो । कार्यालयले प्रदेशभरको मानव अधिकारको अवस्थाबारे रिपोंट सार्वजनिक गर्दै १३ जिल्लाको अवस्थाबारे जानकारी दिएको छ ।

मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयका उपसचिव यज्ञप्रसाद अधिकारीले गत आर्थिक वर्षमा बागमतीमा ३३ वटा उजुरी परेकोमा मकवानपुरबाट भने एउटा पनि उजुरी नपरेको उल्लेख गरे । मवानपुरसहित प्रदेशका रसुवा र सिन्धुलीबाट पनि कुनै उजुरी नपरेको जनाइएको छ ।

सबैभन्दा धेरै उजुरी काठमाडौंबाट परेको छ । काठमाडौंबाट गत आवमा ८ वटा उजुरी परेको अधिकारीले बताए । ललितपुरबाट ७ वटा उजुरी पर्दा चितवनबाट ४ वटा, नुवाकोटबाट ४ वटा, सिन्धुपाल्चोकबाट ३ वटा, धादिङ र दोलखाबाट २-२ वटा तथा रामेछापबाट १ वटा मानव अधिकार उल्लघंनका उजुरी परेको हो । आयोगमा उजुरी परेपनि कार्यान्वयनको अवस्था भने फितलो रहेको पाइएको छ । उपसचिव अधिकारी स्वयमले उजुरीको कार्यान्वयन अवस्था फितलो रहेको स्वीकार गरे । उनले आयोगको सिफारिसलाई सरकारले गम्भिर रुपमा नलिँदा अन्तराष्ट्रिय स्तरमै देशको मानव अधिकारको अवस्था बारे प्रश्न उठ्न थालेको चिन्ता व्यक्त गरेका छन् ।

आयोगको २० वर्षको इतिहासमा नेपालमा परेका उजुरी मध्ये १० दशमलव ५ प्रतिशतलाई मात्र कारबाहीको दायरामा ल्याइएको उनले बताए । २० वर्षमा देशभरबाट १ हजार १सय ९५ उजुरी परेको तथ्यांक छ । आयोगमा मानव अधिकार उल्लघंनका बारेमा उजुरी नै कम पर्नुलाई कार्यान्वयनको विश्वसनीयताको दृष्टिकोणले पनि हेरिएको छ । आयोगको सिफारिस सरकारले अटेर गर्दा उजुरी गर्नेहरुको संख्यासमेत कमी देखिएको छ ।


## सवारी दुर्घटनाबाट बचौं र बचाऔं

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- नियमित रुपमा सवारीसाधनको परीक्षण तथा मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

पालुङ मकवानपुर
मुख्यकार्यालय, पालुङ मकवानपुर

### बार्षिक अन्तिम लेखा परीक्षणका लागि प्रस्ताव पेश गर्ने बारे सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७९ मंशिर १५ गते विहिवार)*

यस पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आर्थिक बर्ष २०७९/०८० को लेखापरिक्षण, NFRS तयारी तथा कार्यन्वयनको लागि इच्छुक चार्टर्ड एकाउन्टेन्ट्स एशोसियट्स फर्म वा कम्पनीहरुबाट तपसिलमा उल्लेखित कार्य विवरण सहितको कागजत र लेखा परीक्षण, NFRS तयारी तथाकार्यन्वयनको शुल्क (भ्याट सहित) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र संस्थाको इमेल pacospalung@gmail.comमा प्रस्ताव पेश गर्नु हुन सूचित गरिन्छ ।

**१. कार्यविवरण**

क. आ.व. २०७९/८० को नेपाल लेखामान प्रतिवेदन (NFRS) अनुसार तयारी तथा वार्षिक लेखा परीक्षण सम्पन्न गरी २०८० भाद्र २५ गते भित्र लेखा परीक्षण प्रतिवेदन पेश गर्ने
ख. कर योजनातथा कर परीक्षणमा सहजीकरण
ग. लङफर्म अडिट प्रतिवेदन
घ. विद्यमान ऐननियमानुसार नीतिगत व्यवस्था सुधारका लागि सुझाव

**२. पेशगनुपर्ने कागजातहरु**

क. पेशागत प्रमाणपत्रको प्रतिलिपि
ख. फर्म वा कम्पनी दर्ता प्रमाणपत्र प्रतिलिपि
ग. भ्याट दर्ता प्रमाणपत्र प्रतिलिपि



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

### VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्चलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६





